# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

विज्ञापन, लेख, रचना र ताजा समाचारका लागि प्रत्येक हप्ताको बुधबार कालिकोटबाट प्रकाशन हुने मिसन न्यूज राष्ट्रिय साप्ताहिक पढ्न नभुल्नु होला । साथै www.missionenews.com अनलाईन पत्रिका समेत संचालनमा आएको जानकारी गरिन्छ ।

| वर्ष-२ | अंक-४४ | २०७५ जेष्ठ २ गते बुधबार | 16 may 2018 Wednesday | मूल्य रू. १०/- |
|---|---|---|---|---|


# असिना पिडितप्रति सरकार बेखवर

**मिसन न्यूज**

**कालिकोट**-असिना पानी र हावाहुरीले करोडौंको क्षती पुगाए पनि स्थानीय सरकार बेखवर बनेको छ । जिल्लाका ९ स्थानीय तहमध्ये २ नगरपालिका र ५ वटा गाउँपालिकामा असिना पानीले क्षती पुगाएको हो । चैतको पहिलो सातादेखि पटक(पटक असिना पानीले अन्नबाली नष्ट गरेको थियो । कुन नगर र गाउँपालिकामा कति क्षती भएको छ भन्ने तथ्याङ्क स्थानीय प्रशासनले अझै संकलन गरेको छैन् । जिल्लाको खाँडाचक्र नगरपालिका, रास्कोट नगरपालिका, सान्नी त्रिवेणी गाउँपालिका, नरहरिनाथ, पलाँता, पचाल झरना र शुभकालिका गाउँपालिकामा असिना पानीले अन्नबालीमा क्षती पुगाएको जिल्ला प्रशासनले जनाएकोछ ।

महावै गाउँपालिका र तिलागुफा गाउँपालिकामा असिना पानीले क्षती नगरेको जिल्ला समन्वय समितीको प्रमुख तथा खाद्य सुरक्षा समितिका संयोजक अनिपाल शाहीले बताए । क्षती भएको नगरपालिका र गाउँपालिको क्षतीपुर्ती र राहतका लागि नेपाल सरकारसंग माग गरेका छौं । जिल्ला समन्वय समितिका प्रमुख शाहीले भने, 'कतिपय स्थानीय तहबाट आधिकारिक तथ्याङ्क आउन बाँकी छ । गाउँमा खाद्यन्न अभाव हुँदैन् ।' नरहरिनाथ गाउँपालिकामा ६० प्रतिशत असिना र पानीले अन्नबाली नष्ट गरेको पालिका प्रवक्ताता सृजन फडेराले बताए । साविकका ५ वटा गाविस भएको नरहरिनाथमा किसानलाइ जिल्लामा करोडौं रुपैयाँको नोक्सानी भएको कृषि विज्ञले बताएका छन् । असिना पानीले किसानहरुले लगाएको गहुँ, जौं, तरकारी, सुन्तला, काफल, केरा,स्याउ, कागतीलगायतका बोट विरुवा नष्ट गरेको छ । नरहरिनाथ गाउँपालिका जिल्लाकै ठुलो मात्रामा



सदरमुकाम मान्ममा रहेको खाद्य संस्थानमा चामल लिन आएका स्थानीय

निकै समस्या भएको छ । 'कृषकले दुःख गरेर लगाएको वाली पाक्ने सिजनमा असिना र पानी आउँदा क्षती भयो ।' गाउँपाकि प्रवक्ता फडेराले भने, 'गाउँपालिकाको सबै वडामा स्थलगत अनुगमन समेत गरेका छौ । किसानलाई मर्का परेको छ । गाउँपालिकाबाट भन्दा पनि केन्द्रिय सरकारबाट राहतको लागि पहल गरेका छौं ।' असिना पानीले अन्नवाली र तरकारी खेती नष्ट भएको छ । गाउँमा स्थानीय किसानहरुले बेमौसमी काक्रा, करेला, सेमी, लौका, भान्टा, टमाटर, खुर्सानी, बोडी , बन्दा काउली, प्याज लसुनको व्यवसायिक खेती गर्दै आएका थिए । सान्नी त्रिवेणीको लेकाली क्षेत्रमा पाक्न लागेको काफल समेत असिनाले पूर्ण रुपमा नष्ट गरेको

**बाँकी ८ पृष्ठमा..**

# विकास निर्माणका कार्यमा म होइन हामी भनेर अगाडी वढौ अवस्य विकास हुन्छ , : उपाध्यक्ष शाही ।



**हस्त चौलागाई (त्रिकाल)**


**कालिकोट**-स्थानिय चुनाव सम्पन्न भएको पनी करिव १ वर्ष वित्यो । देशका अधिकांस गाउँपालिका र नगरपालिकामा विभिन्न किसीमका विकास निर्माण कार्यले अग्ररुप लियको छ । विकास निर्माणका कार्यलाइ निहालेर हेर्ने हो भने महावै गाउँपालिकामा पनी हरेक हिसावले विकास भएको छ । सडक निर्माण कार्यले दैलेख,महावै हुदै सिमखेत सम्म गाडी रोड पुगेको छ यस्तै पान्तडी हुदै गेला कुनी सम्मको सडकले पनी विकासका कार्यमा फड्को मार्दै छ । मंलवार विहानको चंखेली संवाद कार्यक्रममा वोल्दै महावै गाउँपालिकाका उपाध्यक्ष मनराज शाहीले हरेक हिसावले हर्नेहो भने यस गाउपालिकामा विकासका कार्य धेरै अगाडी गयको वताए । केही दिन पहिला नेकपा माओवादी र नेकपा एमालेको सयुक्त विज्ञप्ती मा धेरै भन्दा भन्दा धेरै रकम अनियमितता भयो भन्ने कुरा आइरहदा यो कुरा धेरै गलत भएको उपाध्यक्ष शाहीले वताए । महावै गाउँपालिमा भएका हरेक योजनाको सार्वजनिक सुनुवाइ गरेको र १० वर्ष भित्र हुने विकास एक वर्ष भित्रै गरेको उपाध्यक्ष शाहीको भनाइ छ । सधैभरी जनताको माझ रही रहेने र विकास गरीरहने अथवा विकास निर्माणको लागि पहल गर्ने मनराजले वताए । अब बाकी ४ वर्ष भित्र चुनाव लड्दा गरेका प्रतिवद्धताहरु अवस्य पुरा गर्ने शाहीले वताए ।

# समृद्धिमैत्री कर्णाली बनाउन तयार : बरिष्ठ नेता पौडेल

**मिसन न्यूज**

**कालिकोट**-नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले नेपाली कांग्रेस कर्णालीलाई अगाडी बढाउन कटिवद्ध भएको बताए । जनताको पिडा व्यथालाई मध्यनजर गर्दै विकास र समृद्धिमैत्री कर्णाली निर्माण गर्न आफ्नो पार्टी तयारी रहेको बताए । नेपाली कांग्रेस कालिकोटले मंगलबार आयोजना गरेको दोस्रो सम्मेलनमा सम्वोधन गर्दै बरिष्ठ नेता पौडेलले सो कुरा बताएका हुन् । कर्णाली राजमार्गको अवस्था जिर्ण रहेको, कृषि, उर्जाका विषयमा प्रधानमन्त्री ओली केही नबोलेको र विकास सन्तुलन ल्याउने कुनै योजना नबोलेको पौडेलले बताए ।





'कर्णाली राजमार्गको अवस्था उस्तै छ । यहाँका मानिसको अवस्था उस्तै छ । कर्णाली नदी बगेको बगै छ । त्यतिकै खेर गएको छ,' उनले भने, 'तर, प्रधानमन्त्री रारामा गएर भाषण मात्र गरेको कर्णालीको विकासमा सन्तुलन ल्याउने कुनै योजना बनाएको छैन ।' कर्णाली क्षेत्रमा जलविद्युत, स्याउ, जडिबुटी, त्रैदेशीय नाका कर्णालीमा नै रहेको तर यहाँको विकासमा लगाएतका क्षेत्रको विकासमा कसैले ध्यान नदिएको नेता पौडेल बताए । 'कर्णाली विकासको ठोस योजना ल्याउन कसैले ल्याउन सकेन्' उनले भने, 'कर्णाली विकास भयो भने मात्र देशको विकास हुन्छ ।' प्रधानमन्त्री ओलीले पक्षपाती शासन चलाएको अधिनायक वादी हुन खोजेको

**बाँकी ८ पृष्ठमा..**

## सम्पादकीय

### पाहुँनाको नाममा लफडा किन ?

प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नागरिक अभिनन्दन समारोहमा मुलुकको आन्तरिक मामिलालाई छरपस्ट पारेपछि यसको चर्चा सदनदेखि सडकसम्म भइरहेको छ। त्यसो त, हाम्रा सबैजसो नेतालाई आन्तरिक मामिलाबारे विदेशीसँग चर्चा गर्नुहुँदैन भन्ने हेक्कासमेत छैन। तर, मुख्यमन्त्री राउतले 'विभेदकारी संविधान' विरुद्ध संघर्षरत रहेको टिप्पणी गरेर उनले आफ्नै पदीय मर्यादाको उल्लंघन गरेका छन्। राउतलाई कुन संविधान र कसले मुख्यमन्त्री बनाएको हो ? मुलुकमा विभेद छन् र तिनलाई अन्त्य गर्नुपर्छ भन्ने ध्येयले संविधान सभाबाट संविधान जारी भएको हो। संविधान जारी हुनासाथ पहिलोपटकमै मुस्लिम समुदायबाट राउतले मुख्यमन्त्री हुने मौका पाउनु पनि गर्वको विषय हुन सक्थ्यो। उनले नयाँ संविधानप्रति गर्व गर्नुभन्दा पनि लोकरिझ्याइँका लागि संविधानविरुद्ध बोलेका छन्। त्यसैका लागि मुलुकमा लोकतन्त्र स्थापित गरिएको हो। तर, उनीजत्तिको बुझेका व्यक्तिले आफ्नो संविधानविरुद्ध पोल लगाउने शैलीमा मोदीलाई मञ्चमा अभिनन्दन गरिरहेका बेला बोल्नु उचित हुँदैनथ्यो। यसले स्वयं मोदीलाई समेत अप्ठ्यारो महसुस भएको हुन सक्छ। घरमा पाहुना बोलाएर तिनका अगाडि घरकै बदख्वाइँ गर्दा जे अवस्था हुन्छ, मुख्यमन्त्री राउतका कारणबाट मुलुकले अहिले त्यही स्थिति भोगिरहेको छ। विदेशी पाहुना बोलाएका बेला प्रदेश सरकारहरू र यसका सदस्यले मात्र होइन केन्द्रमा रहेका व्यक्तिहरूले पनि उत्ताउलोपन प्रदर्शन गर्नु उचित हुँदैन भन्ने शिक्षा यो दुर्घटनाबाट लिनु उचित हुन्छ।

## कर्णाली प्रदेशको सिंजा जुन विश्व सम्पदामा समेटिएको छैन

**पदमप्रसाद आचार्य**

उदाउदो कर्णाली प्रदेशको टेवा पुर्याउने इतिहास विकासलाई हेर्नेहो भने इशाको १२ औं शताब्दी तिर तिब्बतको खाली प्रदेशबाट आएका इतिहासिक नागराजाले कर्णाली प्रदेशमा स्वतन्त्र खस राज्य स्थापना गरेको किमदन्ती अनुसार मानिन्छ। अर्को सन्दर्भमा नेपालको पहाडी क्षेत्रमा बसोबास गर्न आर्यमुलका मानिस कुमाउ गढवाली तिरबाट लागेको मानिन्छ। खारी क्षेत्रबाट आएर शासन गरेको हुनाले उनको शासन क्षेत्रलाई खसान भनियो भन्ने मत स्वभाविक लाग्छ। नेपाली भाषाको उत्पती स्थल मानिने जम्लाको सिंजा क्षेत्रको इतिहासलाई हेर्नेहो भने प्राचिन कालमा खस राजाहरुको विसाल साम्राज्य भएको भुमि थियो। तिनै भुमिमा खस सासनहरुले नेपाली भाषालाई औपचारिक राजकीय भाषको रुपमा प्रयोग गरेका थिए। उक्त कर्णाली खस मल्ल राजाहरु को स्थिति कमजोर भएको मौकामा जुम्ला क्षेत्रलाई मलै बम्मले आफ्नो अधिनमा लिए। नियालिएर हेर्दा मलै बम्म पछि उनी निसन्तान भएकाले उनका ज्वाई बलिराज जुल्लाका राजा भए। ईशाको एघारौं शताब्दीमा खस राजा नागराजले सिंजा साम्राज्यको स्थापना गरेका थिए। भारतको कस्मीर बाट कुमाउ, गढवाल हुँदै उत्तर तिर हिडेका खसहरुले तत्कालिन तिब्बतको राजनैतिक अस्थिरताबाट लाभ लिदै कुटनीतिक चालमा आफू सफल नागराजलाई राजा बनाएका थिए। त्यति बेला कै हाल जूम्ला जिल्लामा पर्ने सिंजा खसहरुको राजधानी बनेको थियो। नागराजको मृत्युपछि उनका छोरा चाँप सिंजाका राजा भए। त्यसपछि क्रमश चापिल्ल, काशी चल्ल, क्राधिचल्ल, काचल्ल, अशोक चल्लले सिंजा साम्राज्यको शासन गरे। अशोक मल्लको देहावसन पछि जिलरी चल्ल गद्दीमा बसे। उनले आफ्नो नामका अगाडि मल्ल लेख्न शुरु गरे। त्यति बेला सिंजा राज्य निकै शक्तिशालि थियो। जितारी मल्लले काठमाण्डौ उपत्यकामा तिन पटक हमला गरेका थिए। उनले पहिलो पटक हमला गर्दा काठमाण्डौमा अनन्त मल्लले राज्य गर्दथे। यसरी कर्णाली प्रदेशको सिंजामा जितारी मल्ल पछि यिनका भाई रिपु मल्ल राजा थिए। त्यस पछि क्रमशः आदित्य मल्ल, पप्प मल्ल, पृथ्वी मल्ल र अभय मल्लले सिंज साम्राज्यको शासन गरे। अभय मल्ल वि.सं.१४३४ देखि १४४० बिचमा राजा भएको अनुमान छ। यिनका पालामा बर्मा थर भएका भारदाहरु निकै शक्तिशाली थिए। यिनै बर्मा मध्येका मलै बर्माले राजा अभय मल्ललाई अपदस्त गरी आफु राजा भएका थिए। त्यस अघि यो साम्राज्य निकै शक्तिशाली, एकीकृत र सुदृढ रहेको बुझिन्छ। इतिहासलाई हेर्दा खस मल्ल राजाको पतन पछि राजा बनेका मलै बर्माले आफ्नो राजधानी हालको कालीकोट जिल्लामा पर्ने खाडाचक्रमा बनाए। यिनकी छोरी माल्ला देवी सग जुम्ला काले गाउँका सामन्त उत्तम राजाका छोरा बलिराजको विवाह भयो। मलै बर्माले उक्त काले गाउ र जुम्ला क्षेत्र बलि राजालाई दान अंश स्वरुप प्रदान गरे। केही समय सम्म बलि राजा र उनका जेठान मेदिनी बर्माले जुम्लामा संयूक्त शासन गरे। मेदिनी बर्माको मृत्यु पछि उनी निसन्तान भएकाले बलिराज जुम्लाका शासक भए। त्यसबेला यिनी जुम्लाका प्रभाव शाली शासक थिए। वि.सं. १५०२ मा बलिराज शाहीको मृत्यु पछि उनका छोरा बप्सराज जुम्लाको राज गद्दीमा बसे। त्यसपछि क्रमशः विनयराज, विशेषराज, विबोष राज, मणिराज, भानराज(भान शाही), सलेम शाही, विक्रम शाही, बहादुर शाही। वीरभद्र शाही, पृथ्वीपति शाही, सुरथ शाही, सुर्दशन शाही र सुर्यमान शाही जुम्ला राज्यका राजा भएका देखिन्छन्। सुर्यमान शाही जुम्ला राज्यका अन्तीम राजा हुन। उक्त गोरखा का राजा पृथ्वी नारायण शाहको वि.स.१८०१ बाट एकिकरण अभियानको थालनी शुरु गरिसकेका थिए। सुर्यमान शाहीले जुम्लाको राजगद्दी समाल्ने बेला सम्म गोरदा राज्य शक्तिशाली भई सकेकोले बाइस-चौबिस राज्यहरु र काठमाण्डौ उपत्यकाका तिन राज्यहरु जितिसकेपछि गोरखाली फौज बाइसी राज्य हान्ने अभियानमा बढि रहेको थियो। यसै क्रममा १८४१ आश्विन ३ गते गोर्खाली फौज जुम्ला तिर बढ्नु भन्दा पहिले विभिन्न राज्यहरुमा दशै तिहार सम्म थप बढी सेनालाई विद्या दिने नियम बनाएर बढ़ाएको पाइन्छ। त्यस पछि जुम्लाका तत्कालिन राजा सुर्यमान शाही कमजोरीले छिमेकी राज्यले पृथ्वी नारायण शाहसंग केही साटकाट गर्न आदान प्रदान हुंदा उक्त राज्यमा सेनालाई विद्या दिने रणनिति गर्दा सुर्यमान शाहीले पनी दशै तिहारमा विद्या दिन बाध्य हुनु पर्यो यहि मौका छोपेर युद्ध गर्न केन्द्रिय रणनिति भएको थियो, तर त्यति बेला प्रधानमन्त्री एवं सेनानायक शोभान शाही योग्य चतुर र कुशल थिए। यिनै बहादुर शाहको शासन कालमा १८४३ मा जुम्ला राज्य नेपालमा एकिकृत गरिएको थियो भने हाल आएर २१ औं शताब्दीमा पनि जुम्ला शासित अवशथामा नै रहन सक्ने अनुभुति गरिन्छ। दैलेख, गौतम, अछाम, बकिकोट, मुसिकोट, दना, बझांग, बाजुरा, थलहरा थिए भने सिन्जा सबल राज्य हुंदा गर्मीयाममा सिन्जा र जाडो याममा दुल्लुमा राजधानी बनाइन्थ्यो भन्ने इतिहांस पाइन्छ, उक्त राज्यका जितारी मल्ल, अशोक मल्ल, बबिराजा जस्ता प्रतापी राजा थिए।


# मिसन न्यूज

राष्ट्रिय साप्ताहिक

MISSION News National Weekly

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित

सम्पादकः पवित्र शाही

प्रवन्ध सम्पादकः निर्मला शाही

कम्प्युटर अप्रेटरः लिलाराज संज्याल

बजार ब्यवस्थापकः निशा शाही

कार्यालयः खाँडाचक्र न.पा.-१ कालिकोट

इमेलः missionnewsp@gmail.com

फोन नं. ०८७-४४०२४२, ९८४८०४९४५५

मुद्रणः ईश्वर अफ्सेट प्रेस मान्म-५ कालिकोट

www.missionenews.com



**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु। २. साझँ पख सधै ज्वरो आउनु। ३. खाना खान मन नलाग्नु। ४. तौल(वजन) घट्नु। ५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**पचाल झरना गाउँपालिकाको कार्यालय**

**कालीकोट**

# चम्किलो कोठाभित्रको आध्यारो अनुहार

सविना खनाल

काठमाडौं-वीर अस्पतालको न्युरो वार्डमा ३३ वर्षदेखि बिरामीको सेवा गर्दै आएकी छन् । नर्स राजकुमारी ज्ञवाली । बिरामीको सेवा पनि गर्न पाइने हुनाले तीन दशक अगाडि नर्सिङ पेसामा लागेकी हुन् ज्ञवाली । तर अहिले आएर बाहिरबाट हेर्दा जस्तो नर्सिङ पेसा सुरक्षित नभएको बताउँछिन् उनी । जब कोही बिरामी भएर अस्पताल पुग्छन्, त्यसबेला बिरामीको सबैभन्दा नजिकको सहारा भनेकै नर्स हुन्छन् । सेतो पोसाकमा सजिएर मायालु व्यवहारले बिरामीको सेवामा २४ घन्टा खटिने नर्सहरूको व्यवहारले बिरामीले समेत आधा रोग सन्चो भएको अनुभव गर्छन् । तर यसरी दिनरात बिरामीको सेवा गर्न नर्सहरूका समस्याहरू भने धेरै रहेको ज्ञावालीको अनुभव छ । ज्ञवाली भन्छिन्, 'बाहिरबाट नर्सिङ पेसा उत्कृष्ट पेसा जस्तो लाग्छ तर बाहिरबाट देखेजस्तो सुरक्षित छैन नर्सिङ पेसा ।' एउटै नर्सले धेरै बिरामी हेर्नुपर्ने, आठ घन्टाभन्दा बढी समयसम्म काम गर्नुपर्ने समस्याहरू रहेको ज्ञवालीले बताइन् । उनले भनिन्, 'सामान्यतया नर्सले दिनमा आठ घन्टा काम गर्नुपर्ने हो तर हामीले त्योभन्दा धेरै समयसम्म काम गर्नुपर्छ, जसले गर्दा बिरामीले राम्रो स्याहार पाउँदैनन् ।' के हुन् त नर्सका समस्या ? अहिले नर्सिङ क्षेत्रको सबैभन्दा ठूलो समस्या भनेको निजी स्वास्थ्य संस्थामा कार्यरत र सरकारी स्वास्थ्य संस्थामा कार्यरत नर्सहरूको तलब लगायतका अन्य सेवा सुविधा समान नहुनु रहेको नेपाल नर्सिङ संघकी कार्यवाहक अध्यक्ष गंगा थापाले बताइन् । उनले भनिन्, 'नर्सिङ क्षेत्रको सबैभन्दा ठूलो समस्या भनेको निजी स्वास्थ्य संस्थाले दिने तलबलगायतका सेवा सुविधाहरू सरकारी सेवा सुविधासरह नहुनु हो ।' हाल नेपालमा एक जना नर्सले २५ देखि ५० जना बिरामी हेर्नुपर्ने अवस्था छ । विश्व स्वास्थ्य संगठनका अनुसार एक जना नर्सले धेरैमा छदेखि आठ जना बिरामी हेर्नुपर्ने व्यवस्था छ । अस्पतालले वार्डमा सहयोगीसमेत व्यवस्था नगरिदिँदा यसरी बिरामी हेर्नुपर्दा नर्सहरूमा मानसिक तनावसमेत सिर्जना हुने गरेको छ यस्तै,



नर्सहरूलाई नीतिगत ठाउँमा व्यवस्था नहुनु पनि अर्को समस्या हो । हालसम्म देशमा रहेका कुनै पनि अस्पतालहरूमा छुट्टै नर्सिङ शाखा छैन भने देशभरका नर्सहरूको पेसा गुणस्तरीय बनाउने जिम्मा पाएको स्वास्थ्य मन्त्रालयमा समेत छुट्टै नर्सिङ महाशाखा छैन । तर पछिल्लो समय स्वास्थ्यको संरचनामा प्रदेशमा र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभाग अन्तर्गत नर्सिङ महाशाखा राख्ने सहमति भएको छ । राम्रा नर्सजति विदेश लामो समयसम्म स्तर वृद्धि नहुनु, कम तलव हुनु र सरकारी अस्पतालहरूले एक जना अनमीलाई खरदार सरह, स्टाफ नर्सलाई प्राविधिक सुब्बा सरह अनि नर्सिङमा स्नातक गरेका नर्सहरूलाई अधिकृत सरहको तलव सुविधा दिइरहेका छन् । तर निजी स्वास्थ्य संस्थामा त्यस्तो नहुँदा राम्रा नर्सहरू विदेश पलायन हुँदै गएका अध्यक्ष थापाले बताइन् । उनले भनिन्, 'पढाइ एउटै भए पनि सरकारी सेवामा काम गर्ने नर्स सरह निजी स्वास्थ्य संस्थामा काम गर्ने नर्सहरूको तलव सुविधामा आकाश जमिनको फरक छ। यसले गर्दा निजी संस्थामा काम गर्ने नर्सहरू विदेश पलायन हुने गरेका छन् ।' हाल नेपालमा ७४ हजार बढी नर्स नेपाल नर्सिङ संघका अनुसार हाल नेपालमा ७४ हजार ८४० जना नर्सहरू छन् । ४४ हजार ७७० जना प्रमाणपत्र तह र बिएस्सी नर्सिङ गरेका नर्सहरू रहेका छन् । एसएलसीपछि तीन वर्ष प्रवीणता प्रमाणपत्र तह अध्ययनपछि नेपाल नर्सिङ संघबाट नर्सिङ लाइसेन्स पास गरेपछि नर्सिङ पेसामा आवद्ध हुन पाउँछन् । थाहाखबरबाट


**नेपाल सरकार**

**केन्द्रीय तथ्याङ्क विभाग**

**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट अनुरोध**

यही मिती २०७५ साल बैशाख १ गतेदेखि जेष्ठ ३१ गतेसम्म प्रत्येक उधोग, व्यापारब्यावसाय, शैक्षिक प्रतिष्ठान, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था लगायत राजनितीक दल अन्य विभिन्न प्रकारका सेवा प्रदायक संघ संस्था तथा कार्यालयहरुमा गणकहरु आउदै छन् । आ-आफ्नो प्रतिष्ठानका क्रियाकलापहरु सम्बन्धीत सही विवरण उपलब्ध गराई प्रथम राष्ट्रिय आर्थिक गणना २०७५ सफल पारौ । तपाईहरुको दिनुभएको विवरणहरु तथ्याक्त ऐन अनुसार गोप्य रहने छन् र समष्टिगत सूचकहरु उत्पादनका लागी मात्र प्रयोग गरिने छन् । निर्धक्क भई यस गणनामा सहभागी बनौं ।

**नेपाल सरकार, केन्द्रीय तथ्याङ्क विभाग**

**जिल्ला आर्थिक गणना कार्यालय कालिकोट**



**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।

– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।

– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।

– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।

– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**शुभकालिका गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कालिकोट**



**सम्पुर्णमा हाम्रो अनुरोध**

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपर को बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

**जिल्ला समन्वय समिति**

**कालिकोट**



**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कालिकोट**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरुः-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**तिलागुफा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,कालिकोट**

---

**लोग सेवा आयोगको अग्रगामी सोच आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम ब्यक्तिको छनोट**

**नेपाल सरकार सुचना तथा सञ्चार मन्त्रालय**

**सुचना विभाग**

---

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं।**

**पलाँता गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट**

---

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**रास्कोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**


**कालिकोट**

---

# स्वास्थ्य

## समयमै सतर्कता जरुरी,डरलाग्दो छ लुपस रोग

रातोपुलस्थित नेशनल बाथरोग सेन्टरले नेपालमै पहिलोपटक लुपसका रोगीहरूको सर्वेक्षण सुरु गर्ने जनाएको छ । विश्व लुपस दिवसका अवसर सेन्टरद्वारा आयोजित 'जनचेतना अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रममा बोल्दै बाथरोग विशेषज्ञ डा. विनित वैद्यले नेपालमा लुपस रोगीको यकिन तथ्यांक पत्ता लगाउन सामुदायिक स्तरमै यसको सर्वेक्षण सुरु गर्न लागिएको बताएका छन् । वैद्यले भने,' केही वर्ष यता नेपालीहरूमा देखिदै गएको यस रोगबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सेन्टरले वडास्तरमै यसको सर्वेक्षण गर्ने योजना बनाएको छ । विश्वमा प्रत्येक एक लाख व्यक्तिमा २० जना व्यक्तिलाई यो रोग लाग्ने गर्छ । यस रोगकै कारण विश्वमा करिब ५० लाख व्यक्ति प्रभावित छन् । यो रोग पुरुषको तुलनामा महिलालाई बढी हुने गर्छ । विशेषगरी १५ देखि ४५ वर्ष उमेर समूहका महिलाहरूमा देखिने यो रोग लागेमा प्रजनन उमेर समूहका महिलामा निःसन्तानपनको समस्या देखिने गर्छ । विशेषगरी, रोग प्रतिरोधात्मक क्षमतामा आउने अनियमितताका कारण हुने लुपस रोगबारे जनचेतना दिने उद्देश्यले नै प्रत्येक वर्षको मार्च १० तारीखका दिन यो दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइने गरिन्छ । हलिउडकी चर्चित पप स्टार तथा अभिनेत्री सेलेना गोमेज लुपस रोगबाट ग्रसित भएको समाचार बाहिर आएपछि सन् २०१५ बाट यस रोगले चर्चा पाएको थियो । **लुपस रोग र यसका लक्षण** ? यो रोग अटोइम्युन डिजिज हो । शरीरको रोग निरोधक शक्तिले जब आफ्नै शरीरको स्वस्थ कोषलाई असर गर्न थाल्छ त्यसबेला अटो




इम्युन डिजिज सुरु हुने गर्छ । त्यस्तै हात जोर्नी दुख्ने, मुखमा पुतली आकारको दाग आउने, चिलाउने, खटिरा आउने, सूर्यको प्रकाशमा बाहिर निस्कन गार्ह्रो हुने, कपाल झर्ने, मिर्गौला सुन्निने, रक्तकोषिकाहरू कमी हुने, स्वस्थ रक्तकोषिकाहरू नष्ट हुँदै जाने, नसा सम्बन्धी रोग लाग्ने, आँखा सुख्खा एवं रातो हुने, आँखा सम्बन्धी रोग लाग्ने तथा फोक्सोमा पानी जम्ने गर्दछ। **लुपस रोगको उपचार विधि-** यस रोगको उपचार व्यक्ति अनुसार फरक हुने गर्दछ । यो रोगले कुन अंगलाई कसरी असर गर्छ भन्ने थाहा हुँदैन र जुन अंगलाई असर गर्छ, त्यही अनुसार रोगको उपचार गरिने हुँदा यस रोग लागेको शंका लागेमा तुरुन्तै चिकित्सकसित सम्पर्क गर्न जरुरी छ । **ध्यान दिनु पर्ने कुरा**-यो रोग लागेमा विरामीहरूले घाममा जानु हुँदैन ।

---

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकोट**

# समृद्ध कर्णाली बनाउन नयाँ रुट : सांसद शाही

मिसन न्यूज

**जाजरकोट**-जाजरकोटबाट निर्वाचित कर्णाली प्रदेशका सांसद करविर शाहीले कर्णाली प्रदेशको समृद्धिका लागि नयाँ रुट पहिचान भएको बताए । सुर्खेत–साटाखानी–गर्पन–मेहली–कचाली–नाग्म हुँदै मुगु हुँदै चीन जोडने सडकलाई प्राथमिकता दिनुपर्ने बताए । प्रदेश सरकारको निती तथा कार्यक्रम र आगामी बजेटमा समेटन आफ्नो ठुलो प्रयास हुने बताए ।

उक्त सडक खण्डमा कुनै पनि नदि नपर्ने पहाड पहाडनै कालीकोट, जुम्ला र मुगुबासीलाई ४३ किलोमिटर छोटो, सजिलो र सुरक्षित मोटर बाटो हुने उनले बताए । त्यसैगरी छेडा–कचाली–जुनी हुँदै जुम्ला जोडने सडक प्राथमिकताका साथ अगाडी बढाइने बताए । शिवालय गाउँपालिका जाजरकोटको दोस्रो गाउँ सभालाई सम्बोधन गर्दै उनले उक्त कुरा जानकारी दिएका हुन । दुई वटा मोटर बाटोले प्रदेशको राजधानी सुर्खेत पुग्न



कर्णाली प्रदेशका सांसद करविर शाही कर्णाली प्रदेशको समृद्धिका लागि नयाँ रुट पहिचान दिदैँ

र नेपालगंज, दाङ, काठमाडौं जाने यात्रुलाई समेत छोटो र सहज हुने उनले बताए । गाउँपालिकाको प्रशिद्ध तिर्थस्थल शिवालयको प्रचार प्रसार गरी लुम्बीनि–दाङ–सल्यान खैरावाङ–कुपिण्डे–चौरजहारी–शिवालय हुँदै जुम्लाको तातोपानी र रारातालसम्मको पर्यटकिय सर्किट निर्माण गर्न आफ्नो तर्फबाट सँधै पहल हुने बताए । विकासका सबै पक्षलाई पूर्णता दिएपछि आफै समृद्धि हुने बताउँदै समृद्धि विकासबाट मात्रै सम्भव हुने बताए । समृद्ध नेपाल र खुशी नेपालीको अवधारणामा पुग्न सबै राजनीतिक दल, नागरिक समाज एक भएर अगाडी बढ्न आवश्यक रहेको बताए । एक गाउँ एक उत्पादनको अवधारणा ल्याई गाउँपालिकाको सबै वडालाई कृषि उत्पादनमा जोड दिन सुझाव दिए । सिंहदरबारको अधिकार गाउँमा पुगेको छ । अधिकारसंगै केही विकृतिहरु पनि देखापरेको बताए । स्थानीय तह र प्रदेशलाई दिइएको अधिकार खोस्ने प्रयासहरु भएको बताउँदै शिक्षा र स्वास्थ्यबाट स्थानीय तहका केही अधिकार खोसिएको बताए ।

**शिवालयका ७ विधेयक पारित-** शिवालय गाउँपालिका जाजरकोटले विभिन्न ५ वटा नयाँ र २ वटा संशोधन सहित ७ वटा विधेयकहरु पारित गरेको छ । गाउँपालिकाको दोस्रो गाउँसभा मार्फत विधेयकहरु पारित गरेको हो । आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने विधेयक, न्यायिक समितिले उजुरीको किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धी विधेयक, सहकारी विधेयक, प्रशासकिय कार्यविधि नियमित गर्ने विधेयक र कृषि व्यवसाय प्रवर्द्धन विधेयक नयाँ पारित गरेको छ भने आर्थिक ऐन संशोधन गर्ने विधेयक र विनियोजन ऐन संशोधन विधेयकलाई संशोधन गरी पारित गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत रविन्द्र बुढाले जानकारी दिए ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।

– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।

– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।

– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।

– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**



## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

मलिम रावत
प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**



**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**



उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्यूज

## अमेरिकी कूटनीतिज्ञलाई पाकिस्तान छाड्न रोक

**इस्लामावाद** – पाकिस्तानले सवारी दुर्घटनामा आफ्ना नागरिकको ज्यान लिएको आरोपमा एक अमेरिकी कूटनीतिज्ञलाई देश छाड्न रोक लगाएको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार अमेरिकी सरकारले सैनिक सहचारी कर्णेल जोसेफ इम्यानुएल हललाई फिर्ता लैजान शनिवार विमान पठाएको थियो। अफगानिस्तानको बगरामबाट उडेको अमेरिकी हवाई सेनाको जहाज शनिबार पाकिस्तानको नुर खान सैन्य हवाईअड्डामा ११ बजेर १५ मिनेटमा उत्रेको थियो। त्यसको ५ मिनेटपछि दुतावासका ८ कर्मचारीसहित नुर खान हवाईअड्डामा पुगेका हललाई पाकिस्तानी संघीय अनुसन्धान संस्था (एफआईए) का अधिकारीले देश छाड्न रोकेका हुन्। एफआईएका अधिकारीले हललाई चिन्नेलगत्तै उनको पासपोर्ट कब्जामा लिएर उच्च अधिकारीलाई देश छाड्न दिनेरनदिनेबारे सोधेका थिए। तर उच्च अधिकारीको निर्देशनअनुसार हललाई देश फर्कन नदिने बताएपछि करिब ४ बजे उक्त विमान फर्केको थियो। उनलाई यात्राका लागि 'कालोसूची' मा राखिएकाले उनलाई विमानस्थलहरूले देश छाड्न दिने छैनन्। शनिबार प्रकाशमा आएको विवरणबारे दुवै देशका अधिकारीहरूले औपचारिक रूपमा कुनै प्रतिक्रिया जनाएका छैनन्। पाकिस्तानले गत महिनाको सडक दुर्घटनामा दोषी रहेको भन्दै उनलाई जान नदिएको हो। दुर्घटनामा एक मोटरसाइकल चालकको ज्यान गएको थियो। इस्लामाबादको उत्तरमा पर्ने दामन-ए-कोहमा गत अप्रिल ७ मा २२ वर्षीय आतिक बेगको दुर्घटनामा मृत्यु भएको थियो। सीसीटीभी मा रेकर्ड भएका दृश्यहरूमा कर्णेल हलले चलाएको तीव्र गतिको सेतो रंगको गाडीले रातो ट्राफिक बत्तीको बेवास्ता गर्दै ठक्कर दिएको थियो। पाकिस्तानी सञ्चारमाध्यमले कर्णेल हलले रक्सी खाएर गाडी चलाएको समाचार प्रसारण गरेका थिए। तर उक्त दाबीलाई अमेरिकी दूतावासले भने अस्वीकार गर्दै आएको छ। घटनापछि पाकिस्तानी सञ्चारमाध्यमले 'मान्छे मार्ने कूटनीतिक लाइसेन्स' शीर्षकमा समाचार प्रकाशित



गरेका थिए। सञ्चार माध्यममा सार्वजनिक उक्त घटनाबारे पाकिस्तान स्थित अमेरिकी दूतावासका प्रवक्ताले घटनाबारे प्रतिक्रिया दिन अस्वीकार गरे। वासिङटनस्थित अमेरिकी विदेश मन्त्रलायका प्रवक्ताले सुरक्षा र गोपनीताका कारण घटनाबारे स्पष्ट बोल्न नसक्ने बताए। अमेरिकी अधिकारीहरूले कूटनीतिक छुट पाउने भन्दै पक्राउ गर्न वा कर्णेल हलमाथि मुद्दा चलाउन नमिल्ने तर्क गरेका थिए। घटनापछि दुई देशबीच राजनीतिक तनाव थप बढेको छ।

**हेर्नुहोस मिसन न्युज, हुनुपर्दैन कन्फ्यूज नरहनुहोस बेखवर गाउँदेखि सहर।**

MISSION

**मिसन न्यूज राष्ट्रिय साप्ताहिक**

www.missionenews.com


## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method
अपनाएर जस्तै: आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तै: दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालीकोट**



*एक घर एक करेसाबारीको स्थापना गरौं।*
*स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥*

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कालिकोट**


## महत्वपूर्ण टेलिफोनहरु

| | |
|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ |
| जिल्ला बिकास समिति | ४४००२१/४४०११४ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ |
| जिल्ला कारागार शाखा | ४४००१७ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० |
| जिल्ला पशु सेवा कार्यालय | ४४००२३ |
| जिल्ला शिक्षा कार्यालय | ४४०११६ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ |
| जिल्ला कृषि विकास कार्यालय | ४४०११८/४४०२०९ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ |
| जिल्ला प्राबिधिक कार्यालय | ४४०१५३ |
| कालीकोट, जुम्ला, हुम्ला सडक योजना | ४४०१७६ |
| स्थानीय शान्ति समितिको कार्यालय | ४४०१८१ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ |
| नेपाल खाद्य संस्थान | ४४०००८ |
| महिला तथा बालबालिका कार्यालय | ४४००८४ |
| खानेपानी स.तथा सव–डिभिजन | ४४०००३ |
| कृषि विकास बैंक कालिकोट | ४४००५९ |
| राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ |
| जिल्ला वन कार्यालय | ४४०००२ |
| घरेलु तथा साना उद्योग संघ | ४४००१० |
| जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| नापी कार्यालय | ४४००१८ |
| मालपोत कार्यालय | ४४००१९ |
| जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| मष्टामाण्डु पेट्रोल पम्म | ९८४१४५९३९४ |
| ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| एसियन लाइफ उपशाखा कालिकोट | ०८७४४०२५५ |
| उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| मिसन न्यूज | ०८७–४४०२४२ |

# रास्कोट नगरपालिकालाई उत्कृष्ट नगरपालिका बनाउने चरणमा छौ

## – उपमेयर मिम्सरा बम

**मिसन न्यूज**

**कालिकोट**-पुरातन रास्कोटी राजाहरुको राज्य कालिकोटको रास्कोटमा जन्मियर तत्कालिन राज्य व्यस्थाको बिरुद्ध वि.स २०५२ सालमा सुरु भएको माओवादी जनयुद्धमा कम्पनि कमाण्डरको भूमिका सामाह्ल्दै आज नयाँ संबिधान निर्माण पश्चातको गणतन्त्रमा रास्कोट नगरपालिकाको उप(मेयर समालीरहनु भएकी मिम्सरा बम संग हाम्रा प्रतिनिधिले गरेको अन्तरंग कुराकानीको सम्पादित अंश १. रास्कोट नगरपालिकाको परिचय बताउनुहोस ?-ठकुरी बंशावली अनुसार रास्कोटी राजाहरुको दरवार रहेकोले यसको नाम रास्कोट रहन गएको हो । अहिले यसलाई रास्कोट नगरपालिकाको रुपमा नामकन गरिएको छ । सबिका ३ गा. बि . स मिलि यो नगरको स्थापना भएको हो नगरको सबै भाग पूर्ण रुपमा पहाडै पहाडैले भरिएको छ। यहाँ स्याउ खेतीको प्रवल सम्भावना रहेको छ पुराना रास्कोटी राजाहरुको दरवार पनि यहाँ नै रहेकाले यहाँ पर्यटनको पनि सम्भावना रहेको छ। २. हिजो जनमुक्ति सेनाको पर्यट र आज जनप्रतिनिधिको कुर्सीमा बस्दा कस्तो अनुभूति भइरहेको छ ?-हो तपाईले सहि प्रश्न गर्नु भयो, हिजो हामी हाम्रो तरिकाले आफ्नै राज्य ब्यस्थाले निर्देशित भएर चल्ने गरेका थियौ । हामीलाई हाम्रो राज्य ब्यस्थाबाट जे निर्देशित हुन्थ्यो त्यहि कुराहरु र जनताको कामहरु गर्ने गरेका थियौ तर आज सबै कुरा हामीले हिजो प्रयोग गरेर तरिकाबाट मात्र नहुने रहेछ। विभिन्न खाले सबैधानिक अडचनहरु पनि काम गर्ने शिलशिला आउने गर्दछ। त्यसैले अहिले र पहिला हामीले गर्ने कामको तरिका नितान्त फरक रहेको छ । म जनताको प्रतिनिधि भएकोले मैले अहिले आम जनताको लागि उनीहरुले सोचे र उनीहरुलाई फाइदा हुने हुने गरि काम गर्ने छु साथै मैले चुनावको बेला जनतासंग गरेको प्रतिबद्धता अहिले पुरा गर्ने गरि विभिन्न कामहरु गरिराखेको नै छु। ३. चुनाबी बाचा प्रतिबद्धताहरु के कति पुरा गर्नु भयो ?-मुलत हामीले स्थानिया निर्वाचनमा सार्वजनिक गरेका घोषणा पत्रहरु व्यक्तिगत नभईकन पार्टीगत हुन् । हामी ती बाचा प्रतिबद्धताहरु पुरा गर्ने चरणमा छौ । बिधुत अब यस नगरका २ वडामा मात्र पुग्न बाकी छ। सडक सबै वडा र घरहरुमा पुगी सकेका छन् कृषि क्षेत्रको लागि माथिल्लो भेगमा एपल जोन, बिचमा खाधान्न र तल्लो भेगमा अलैची खितीको विकास तिब्र रुपमा अगाडी बढिराखेको छ। ४. बाहिर बसेर बिरोध गर्दा र त्यहि ठाउमा बसेर काम गर्दा कस्तो हुदो रहेछ ?-हाम्रा इच्छा चाहना असिमित हुने तर श्रोत साधन सिमित हुने कारण सबैका घर -घरमा रहेका समस्या समाधान गर्न त नसकिने तर प्याकेजमा हाल खोज्दा ती समस्याहरु समाधान गर्न सकिने हुन्छ यसका बबुजुध पनि हामीसंग रहेको अपुग जनशक्ति र कानुनी बाध्यताले सबै घरधुरीका समस्या समाधान गर्न कठिनाई भैराखेको छ । ५. प्रदेश र केन्द्र सरकारबाट रास्कोट नगरपालिकाले के अपेक्षा गरेको छ ? केन्द्र, प्रदेश र स्थानिया सरकारले के कस्ता काम गर्ने भन्ने कुरा संबिधानमा स्पष्ठ छ । त्यसो हुदा हामी नगरपालिका ले धान्न सक्ने सानातिना आयोजनामा आफै जुटेका छौ । त्यस बाहेक केहि ठुला आयोजनाका लागि हामी प्रदेश र केन्द्र सरकार समक्ष पहल गरिराखेका छौ। ६. शिक्षा र स्वास्थ्यमा के कस्ता कामहरु भैराखेका छन् ?




## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं। सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।**

**रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

मिसन न्यूज | २०७५ जेष्ठ २ गते बुधबार | 16 may 2018 Wednesday | अन्तिम पृष्ठ | ८

## असिना पिडितप्रती..........................

छ। व्यवसायिक रुपमा तरकारी खेती गर्दै आएका यो क्षेत्रका किसानलाई समस्या भएको छ। अत्याधिक असिनाको कारण व्यवसायिक रुपमा तरकारी खेतीमा निकै क्षती पुगाएको स्थानीय कृषक परी न्यौपानेले सुनाए। रास्कोट नगरपालिका २ नम्बर वडामा घर भएका न्यौपानेलाई असिना र हावा हुरीले पिडित बनाएको छ। न्यौंपाने जस्तै यहाँका सयौं किसान मर्कामा परेका छन्।

### गाउँमा चामल अभाव, सदरमुकाममा फालाफाल

गाउँमा चामल अभाव भए पनि नेपाल खाद्य संस्थानले वास्ता गरेको छैन्। जिल्लाका अधिकांस गाउँ तथा नगरपालिकामा असिना र पानीले पिडित बनेका स्थानीयले चामल पाउँन सकेका छैनन्। गाउँमा निकै चामलको अभाव भए पनि सदरमुकाममा भने, क्वीन्टलका क्वीन्टर चालम छ। सदरमुकाम मान्मामा रहेको नेपाल खाद्य संस्थानको कार्यालयमा ६३२ क्वीन्टल चामल मौज्दात रहेको निमित्त कार्यालय प्रमुख खकबहादुर बुढाले बताए। जिल्लाको तिन ठाउँमा स्थानीय डिपो स्थापना गरिएको छ। तर, सदरमुकाम बाहेकका डिपोमा चामल अभाव भईरहने गरेको स्थानीय बताउँछन्। सदरमुकामको शाखा गरी स्थानीय स्तरमा तिन वटा डिपो हुन्। तिलागुफा नगरपालिकाको खल्लागाड, पलाँताको थिर्पु र महावैको पादमघाटमा खाद्यको डिपो रहेको छ।

जिल्लाको पलाँता गाउँपालिकामा रहेको थिर्पु डिपोमा चामल खाली रहेको संस्थानले बताएको छ। चालु आर्थिक बर्षको पहिलो र दोस्रो चरण गरी ३ हजार क्वीन्टल चामल पुगेर वितरण भएको शाखाले बताएको छ। तर, असिना र हावाहुरीले पिडित बनेका स्थानीय सदरमुकाममै आएर चामल लिने गरेका छन्। पलाँताको खिन घर भएका विरबहादुर विक र राम विक चामल लिन जिल्ला सदरमुकाम पुगेका छन्। गाउँको डिपो खाली भएपछि सदरमुकाम पुगेका हुन्। 'थिर्पु डिपोबाट चामल लिने गरेका थियौ।' स्थानीय विरबहादुर विकले भने, 'खच्चरबाट चामल ढुवानी गर्नुपर्ने बाध्यता भयो। चामल थिर्पु भएकको भए धेरै सुविधा हुने थियो।' हाल सदरमुकामबाट कम्तिमा १२ देखि १५ क्वीन्टल चामल बिक्री हुनेगरेको निमिक्त प्रमुख बुढाले बताए। तिलागुफा नगरपालिकामा रहेको खल्लागाड खाद्य डिपोमा ६० क्वीन्टल चामल मात्र मौज्दात रहेका डिपो प्रमुख प्रेमबहादुर थापाले बताए


**(भ्रष्टाचार विरुद्धको सहकार्य:सुशासनको लागि अपरिहार्य)**

**कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भ्रष्टाचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्यक्स गरी भ्रष्टाचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्‍याउन हुन अनुरोध छ।**

**सम्पर्क ठेगाना**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, सुर्खेत**

**फोन नं.** ०८३–५२५३७४, ०८३–५२३१७८, ०८३–५२१९६०

**फ्यक्स नं.** ०८३–५२३८८४

**२४ सै घण्टा उपलब्ध हुने मोबाइल नं.९८५८०५३४२२**

**ईमेल** ciaasurkhet@gmail.com



**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाइ**

**सरसफाई बारे.............**

| हात अनिवार्य धुनपर्ने जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**नरहरिनाथ गाउँपालिकाको कार्यालय कालिकोट**


## समृद्धिमैत्री कर्णाली..........................

आरोप पौडेलले लगाए। 'वामपन्थीहरुको सरकार अधिनायकवादी चरित्र देखाएको छ।' उनले भने, 'अधिनायकवाद बिरुद्ध सबैले लाग्न जरुरी रहेको छ।' सभामा बोल्दै ओली सरकारले राष्ट्रवादी भनेर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग एउटै लुगा लगाएर राष्ट्रवाद धन्जी कांग्रेसका नेता हृदयराम थानीले बताए। 'दिनभरी गाली गर्ने रातभरी फोन गर्ने नेता राष्ट्रवादी नेता हुनै सक्दैन,' उनले भने, 'राष्ट्रवादीहरुले राष्ट्रवादको धन्जी उडाएका छन्।'

## ज्ञानमाला

१.इतिहासको बत्ती भनेर कुन देशलाई चिनिन्छ ?

- ग्रिस

२.आखाँको सबैभन्दा बाहिरी भागलाई के भनिन्छ ?

उत्तर . कोर्निया

३.चुनपानीको प्रयोगद्वारा पानीको अस्थायी कडापन हटाउने विधि कुन हो ?

उत्तर . क्लार्क विधि

४.चालु तेह्रौं योजनाले नेपालीको अपेक्षित आयु कति पुर्याउने लक्ष्य राखेको छ ?

उत्तर . 71 वर्ष

५.रेसुङ्गा ताल कुन जिल्लामा पर्दछ ?

उत्तर . दार्चुला

६.तोरीको विरुवामा कुन किसिमको प्रजनन क्रिया हुन्छ ?

उत्तर . Sexual

७. मानव शरीरमा राता रक्तकोषहरु कहाँ बन्दछन् ?

उत्तर . बोनम्यारो

८. शिक्षा ऐन २०२८, लागु हुदाँ चरणगत रुपमा क्रमश-कतिकति जिल्लामा लागु गरियो ?

उत्तर . २, १३, १६, २०, २४ जिल्ला

९.'गाँउ शिक्षा समिति' को बैठक सामान्यतया कति समयमा बस्नुपर्दछ ?

उत्तर . ३ महिनाको एकपटक

१०. Who is the father of Geometry

उत्तर . Euclid

११. युरोप र एसियामा फैलिएको घाँसेमैदानलाई के भनिन्छ ?

उत्तर . स्टेप्स

१२. बौद्ध धर्ममा निलो रङ्गले के जनाउँछ ?

उत्तर . बुद्धको शरीर

१३. जिल्ला शिक्षा समितिमा अध्यक्ष सहित कतिजनना सदस्य रहन्छन् ?

उत्तर . १३ जना

१४. आधार शिक्षाको थालनि कहिले भएको हो ??

उत्तर . २००४ ( जेठ -२३)


**बेस्ट कर्णाली मिडियाको नौलो धमका**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

**हाम्रा विशेषताहरु**

– सरकारी, गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन।
– अनलाईन पत्रिका डिजाइन।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
– वेव तथा अनलाईनका लागि होस्टीग।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
– भिडियो डुकुमेन्ट्रीउत्पादन।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२

इमेल : bestkarnalimedia@gmail.com

missionnewsp@gmail.com